.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

भाखा नाघेको ऋण असुली नीति - २०..

प्रस्तावना :-

संस्थाले आफ्ना सदस्यहरुलाई विभिन्न परियोजना संचालन गर्नका लागि लगानी गरेको ऋण रकम समयमा असुली नभई संस्थाका बचतकर्ता सदस्यहरुको बचतमा असुरक्षा पैदा हुन नदिनुका साथै सदस्यको क्षमता हुँदैमा नीतिगत वा कानुनी प्रकृयाबाट ऋण अशुलउपर गर्नका लागि यो नीतिको आवश्यक्ता महशुस गरी सहकारी ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यो नीति तयार गरिएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. नाम र प्रारम्भ :

१.१ यस नीतिको नाम "................. बचत तथा ऋण सहकारी संस्था लि.को **भाखा नाघेको ऋण अशुली नीति-२०..** रहनेछ।"

१.२ यो नीति संस्थाको संचालक समितिले निर्णय गरी पारित गरेको दिन देखि लागु हुनेछ, तर लगत्तै को साधारण सभाले यो नीतिलाई स्वीकृती प्रदान गर्नु पर्नेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा :

२.१ "संस्था" भन्नाले .... बचत तथा ऋण सहकारी संस्था लि. सहकारी संस्था लि. लाई सम्झनु पर्दछ।

२.२ "समिति" भन्नाले संस्थाको संचालक समितिलाई लाई सम्झनु पर्दछ।

२.३ "कर्मचारी" भन्नाले संस्थाको दैनिक कार्यसम्पादनका लागि संचालक समितिले नियुक्ति गरेको प्रमुख कार्यकारी अधिकृत सहितको सम्पूर्ण कर्मचारीहरुलाई सम्झनु पर्दछ।

२.४ "सदस्य" भन्नाले संस्थाको विनियम बमोजिम सदस्यता प्राप्त गरेको व्यक्ति, संघ-संस्थालाई समेत सम्झनु पर्दछ।

२.५ "शेयर" भन्नाले संस्थाले जारी गरेको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ।

२.६ "ऐन" भन्नाले सहकारी ऐन २०७४ लाई सम्झनु पर्दछ।

२.७ "नियमावली" भन्नाले सहकारी नियमावली २०७५ लाई सम्झनु पर्दछ।

२.८ "विनियम" भन्नाले .... बचत तथा ऋण सहकारी संस्था लि.को संशोधित विनियम २०७१ लाई सम्झनु पर्दछ।

२.९ "नीति" भन्नाले .... बचत तथा ऋण सहकारी संस्था लि.को भाखा नाघेको ऋण असुली नीति-२०.. लाई सम्झनु पर्दछ।

२.१० "भाखा नाघेको" भन्नाले ऋण लिने बेलामा संस्था र ऋण लिने सदस्य बीच भएको सम्झौता भंग भएको सम्झनु पर्दछ।

२.११ "ताकेता" भन्नाले संस्थाले ऋण लैजाने सदस्यलाई समयमा ऋण र ऋणमा लागेको ब्याज तथा शुल्कहरु तीर्नका लागि लिखित, मौखिक वा अन्य कुनै प्रकृयाबाट सचेत गराउने कृयाकलापहरु लाई सम्झनु पर्दछ ।

२.१२ "कानुनी प्रकृया" भन्नाले प्रचलित नेपाल कानुनले दिएको अधिकार प्रयोगका लागि संस्थाले गर्ने कृयाकलापहरुलाई सम्झनु पर्दछ । यस शब्दले ऋण असुलीको ताकेता देखि अदालती प्रकृया समेतलाई जनाउनेछ ।

२.१३ "लिलाम वा लिलामी प्रकृया" भन्नाले भाखा नघाउने ऋणीको ऋण असुलीका लागि निजले ऋण सुरक्षण वापत लेखिदिएको अचल सम्पत्ति संस्थाको बिक्री वितरण वा संस्थाको नाममा दाखिल खारेज गरी लिने प्रकृयालाई सम्झनु पर्नेछ ।

परिच्छेद-२
उद्देश्य तथा कार्यहरु

३. उद्देश्यहरु :

३.१ संस्थाले लगानी गरेको ऋणको असुली प्रकृयालाई कानुन सम्बत बनाउने,

३.२ सदस्यहरुलाई ऋण अतिग्रस्ततामा पुग्नु पूर्व नै सचेत गराउने,

३.३ ऋण लिने सदस्यहरुको वित्तीय अनुशासन बढाउदै नियमित आम्दानीका लागि दवाव सृजना गर्ने,

४. कार्यहरु :

४.१ ऋण असुली क्यालेण्डरका आधारमा व्यवस्थापनलाई कार्य गर्न सहज वातावरणको निर्माण गर्ने,

४.२ असुलीका प्रकृया तथा कृयाकलापहरु प्रभावकारी बनाउने,

४.३ ऋण लगानी तथा अशुलीका सन्दर्भमा जिम्मेवार निकाय वा व्यक्तिको भूमिका प्रष्ट पार्ने,

परिच्छेद-३
ऋणको वर्गिकरण

५. भाखा नाघेको मानिने :

देहाएका अवस्थामा ऋणलाई भाखा नाघेको मानिनेछ ।

५.१ ऋण लिने बेलामा गरेको सर्त अनुसार किस्ता र ब्याज नआएका ऋणहरु,

५.२ सर्त अनुसार ब्याज प्राप्त भएको तर किस्ता पूरा नआएको वा किस्ता नै नआएको ऋण,

५.३ किस्ता तालिका अनुसार तोकिएको दिनमा प्राप्त नभएका ऋणहरु,

६. ऋणको वर्गिकरण :

संस्थाले लगानी गरेको ऋणलाई देहाए बमोजिम वर्गिकरण गरिनेछ ।

६.१ १ दिन पनि भाखा ननाघेको वा अशल ऋण,

६.२ १ दिन देखि ३० दिन सम्म भाखा नाघेको ऋण वा कमसल ऋण,

६.३ ३१ दिन देखि १२ महिना सम्म भाखा नाघेको वा शंकास्पद ऋण

६.४ १२ महिना भन्दा बढी भाखा नाघेको वा खराब ऋण

परिच्छेद-४
ऋण सुरक्षण व्यवस्था

७. भाखा नाघेको ऋणको सुरक्षण व्यवस्था :

भाखा नाघेको ऋणको देहाए बमोजिम सुरक्षण व्यवस्था गरिनेछ ।

७.१ भाखा ननाघेको असल ऋणको लागि १ प्रतिशत

७.२ १ दिन देखि ३० दिनसम्म भाखा नाघेको कमसल ऋणको लागि १ प्रतिशत

७.३ ३१ दिन देखि १२ महिना भाखा नाघेको शंकास्पद ऋणको लागि ३५ प्रतिशत

७.४ १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि १०० प्रतिशत

८. थप धितो लिन सक्ने :

ऋण लिने सदस्यले ऋणको भाखा नघाई चुक्ता भुक्तान गर्न बाँकी साँवा र ब्याज वापतको रकम निजले पेश गरेको धितोबाट असुल हुने नठहरेमा निज वा निजको एकाघर परिवारको नाममा नेपाल भित्र जुनसुकै स्थानमा रहेको जग्गा थप धितोको रुपमा राख्नु पर्नेछ ।

९. निर्णयकर्ताबाट अशुल उपर गरिने :

९.१ दफा ८ बमोजिम ऋणीको नाममा अन्यत्र कुनै धितो नभएमा निजको धितो तत्कालै लिलामी को प्रकृया अगाडी बढाइनेछ ।

९.२ उपदफा ९.१ को अवस्था आई सम्पूर्ण लेना रकम असुल हुन नसकेमा उक्त ऋण लगानी गर्दाको वखतका धितो मूल्याँकनकर्ता र निर्णयकर्ताहरुबाट दामासाहिमा अशुल उपर गरिनेछ ।

९.२ उपदफा ९.२ मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्तिम भुक्तानी अवधी भन्दा ढिलासमय सम्म असुल नगरेको र ब्याज पूँजीकरण गरी मूल्याँकन भन्दा बढी ऋण कायम भएको भएमा धितो मूल्याँकनकर्ताले दामासाही रकम तिर्नु पर्ने छैन ।

१०. व्यक्तिगत धन जमानी स्वीकार नगरिने :

१०.१ संस्थाको संचालक समिति, लेखा सुपरीवेक्षण समिति, सेवा केन्द्र समिति, विभिन्न उप-समितिहरु र व्यवस्थापनमा संलग्न कुनै पनि व्यक्तिलाई कुनै पनि ऋणको व्यक्तिगत धनजमानी स्वीकार गरिने छैन ।

१०.२ निजबाट असुल उपर हुने नठहरेको कुनै पनि व्यक्तिलाई धनजमानी स्वीकार गरिने छैन । तर एकाघर परिवारको हकमा यस बुँदा लागु हुने छैन ।

१०.३ कुनै एकै व्यक्तिलाई एक जनाको ऋणमा भन्दा बढी धन जमानी स्वीकार गरिने छैन ।

१०.४ आफुले लिएको ऋण भाखा नघाएको व्यक्तिलाई धन जमानी स्वीकार गरिने छैन ।

परिच्छेद-४

भाखा नाघेको ऋण अशुली प्रकृया

११. भाखा नाघेको ऋणको ताकेता गरिने :

११.१ भाखा नाघेको ऋणको ताकेता देहाए बमोजिम गरिनेछ ।

क्र.सं.	भाखा नाघेको अवधि	ताकेता	जिम्मेवारी
१.	भाखा नाघेको ७ दिन पश्चात (७ दिनको अवधी राखेर)	ऋण नीतिको अनुसूची-१६ बमोजिमको "स्मरण पत्र" पठाउने ।	व्यवसाय विभाग प्रमुख/सेवा केन्द्र प्रमुख
२.	भाखा नाघेको १५ दिन पश्चात (१५ दिनको अवधी राखेर)	ऋण नीतिको अनुसूची-१७ बमोजिमको "तपाईले बिर्सनु भयो की" भनेर दोहोर्‍याएर पत्र पठाउने ।	
३.	भाखा नाघेको ३० दिन पश्चात (१५ दिनको अवधी राखेर)	ऋण नीतिको अनुसूची-१८ बमोजिम "भुक्तानी पाइन्थ्यो की ?" भनेर सदस्यलाई तेस्रो पत्र पठाउने । जमानी बस्ने व्यक्ति भए सो व्यक्तिलाई समेत १ प्रति पठाउने ।	
४.	भाखा नाघेको ४५ दिन पश्चात (१५ दिनको अवधी राखेर)	ऋण नीतिको अनुसूची-१९ बमोजिमको "यो तपाईको अन्तिम अवसर हो" भनेर अन्तिम पत्र पठाउने । साथै सदस्य र जमानीलाई भेट्न अनुरोध गर्ने ।	
५.	भाखा नाघेको ६० दिन पश्चात (३० दिनको अवधी राखेर)	अनुसूची-१ बमोजिमको पहिलो ताकेता पत्र सहित ऋणीलाई भेटघाट गर्ने र समयमा तीर्नका लागि सचेत गराउने, जमानीलाई बोधार्थ दिने,	प्र.का.अ र व्यवसाय विभाग प्रमुख/सेवा केन्द्र प्रमुख
६.	भाखा नाघेको ९० दिन पश्चात (३० दिनको अवधी राखेर)	अनुसूची-२ बमोजिमको दोश्रो ताकेता पत्र सहित ऋणीलाई भेटघाट गर्ने र ऋण भुक्तानीका लागि सचेत गराउने, जमानीलाई बोधार्थ दिने	ऋण उप-समिति, प्र.का.अ र व्यवसाय विभाग प्रमुख/सेवा केन्द्र प्रमुख
७.	भाखा नाघेको १२० दिन पश्चात (३० दिनको अवधी राखेर)	अनुसूची-३ बमोजिमको तेश्रो तथा अन्तिम ताकेता पत्र सहित ऋणीलाई भेटघाट गर्ने र	संचालक समिति, ऋण उप-समिति, प्र.का.अ र

क.सं.	भाखा नाघेको अवधि	ताकेता	जिम्मेवारी
		ऋण भुक्तानीका लागि सचेत गराउने, जमानीलाई बोधार्थ दिने	व्यवसाय विभाग प्रमुख
८.	भाखा नाघेको १५० दिन पश्चात (३० दिनको अवधी राखेर)	बचत धितोको आधारमा लिएको ऋणको हकमा निज ऋणीको नाममा रहेको बचत तथा शेयर रकम र जमानी बसेको भए सो जमानी बस्नेको जमानी दिएको रकमबाट असुल उपर गर्न संचालक समितिबाट निर्णय लिने खाताबाट कट्टा गर्ने । बाट पनि नपुग भएमा ऋणीको घरघरानाबाट असुल उपर गरी निजको सदस्यता खारेज गर्ने । धितोमा ऋण लिएको भए संचालक समितिको बैठकले कानुनी प्रकृयाबाट असुलीको प्रारम्भ गर्ने र व्यवस्थापनलाई निर्देशन दिने । संचालक समितिको निर्णय पश्चात प्रमुख कार्यकारी अधिकृतले अनुसूची-४ बमोजिमको पत्र पठाउने ।	संचालक समितिको निर्णयले प्रमुख कार्यकारी अधिकृत
९.	भाखा नाघेको १८० दिन पश्चात (३५ दिनको अवधी राखेर)	अनुसूची-५ (क) बमोजिम स्थानीय पत्रिकामा ३५ दिने ऋणीलाई ऋण तिर्न आउने सम्बन्धमा सूचना प्रकाशन गर्ने,	प्रमुख कार्यकारी अधिकृत
१०.	भाखा नाघेको २१५ दिन पश्चात (१५ दिनको अवधी राखेर)	अनुसूची-५ (ख) बमोजिम स्थानीय पत्रिकामा १५ दिने ऋणीलाई ऋण तिर्न आउने सम्बन्धमा सूचना प्रकाशन गर्ने,	प्रमुख कार्यकारी अधिकृत
११.	भाखा नाघेको २३० दिन पश्चात (७ दिनको अवधी राखेर)	अनुसूची-५ (ग) बमोजिम स्थानीय पत्रिकामा ७ दिनेऋणीलाई ऋण तिर्न आउने सम्बन्धमा सूचना प्रकाशन गर्ने,	प्रमुख कार्यकारी अधिकृत
१२.	भाखा नाघेको २३७ दिन पश्चात (३५ दिनको अवधी राखेर)	लिलाम बिक्रि नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशन गर्ने	संचालक समितिको निर्णयले प्र.का.अ
१३.	भाखा नाघेको २७२ दिन पश्चात	संस्थाको लिलाम बिक्री सम्बन्धी नीति अनुसार लिलाम बिक्री	संचालक समिति

११.२ ताकेता गर्दा पहुँच भएका र सामान्य व्यक्तिको रुपमा विभेद गरिने छैन ।

११.३ उपदफा ११.१ बमोजिमको प्रकृयामा लाग्ने सम्पूर्ण खर्च ऋणीबाट नै असुल उपर गरिनेछ ।

१२. अनुचित दवाव दिन नहुने :

१२.१ भाखा नाघेको ऋण अशुलीको कुनै पनि प्रकृयामा कुनै पनि पक्षबाट व्यवस्थापनलाई अनुचित दवाव सृजना गरिने छैन ।

१२.२ उपदफा १२.१ बमोजिम अशुली प्रकृयामा दवाब सृजना भएमा दबाव दिन व्यक्तिले उक्त ऋण असुलीको जिम्मेवारी लिनु पर्नेछ ।

१२.३ ऋण असुली प्रकृयामा ऋणीले कुनै प्रकारको डरधम्की वा मानहानीको कृयाकलाप गरेमा संस्थाको संचालक समितिले रक्षात्मक भूमिका खेल्नु पर्दछ ।

परिच्छेद-५

विविध

१३. व्याख्या गर्ने अधिकार :

यो नीतिको व्याख्या गर्ने अधिकार साधारण सभामा निहित हुनेछ ।

१४. खारेजी र बचाउ

१४.१ यो नीति जारी भएपछि यस अगाडि कार्यान्वयनमा रहेको भाखा नाघेको ऋण असुली नीति खारेज हुनेछ । सो नीति अनुरुप हालसम्म भएका काम कारवाहीहरु यसै ऋणनीति अनुरुप भएको मानिनेछ ।

१४.२ प्रचलित नेपाल कानुन र संस्थाको विनियमसँग बाझिएको हदसम्म यो नीतिका व्यवस्था स्वतः निस्क्रिय हुनेछन् ।

१४.३ यो नीतिको संशोधनको अधिकार सञ्चालक समितिमा निहित हुनेछ ।

अनुसूची-१
दफा ११.१ (५) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

भाखा नघाउने ऋणीको लागि प्रथम ताकेता पत्र

मिति : २०७...../......./.......

श्री...................................ज्यू,
स.नं.....................

विषय : ऋण भुक्तानी गर्न आउने बारेको प्रथम ताकेता पत्र ।

प्रस्तुत विषयमा यस संस्था स.नं.................को सदस्य तपाई श्री....................................ले मिति २०..../......./......मा लिनु भएको ऋणको मिति : २०....../....../....... देखि भाखा नाघी यस अघि संस्थाको व्यवसाय विभागको तर्फबाट पटक पटक लिखित तथा मौखिक रुपमा संस्थालाई तिर्नू बुझाउनु पर्ने किस्ता तथा ब्याज रकम भुक्तानीका लागि पत्राचार गरिएको व्यहोरा तपाईलाई अवगत नै छ । ऋण लिने बेलामा संस्थासंग गरिएको सम्झौता बमोजिम किस्ता र पाकेको ब्याज बुझाउनु तपाईको दायित्व हो । यस पत्र प्राप्त भएको मितिले ३० दिन भित्र हालसम्मको सम्झौता अनुसारको सम्पूर्ण किस्ता र ब्याज रकम भुक्तानी गर्नु हुन अनुरोध छ । निर्धारित समय भित्रमा ऋणको किस्ता भुक्तानी नभएमा संस्थाले कानुनी प्रकृया अगाडी बढाउने कुरा जानकारी गराउन चाहान्छु ।

....
प्रमुख कार्यकारी अधिकृत

अनुसूची-२
दफा ११.१ (६) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

भाखा नघाउने ऋणीको लागि दोश्रो ताकेता पत्र

मिति : २०७...../......./.......

श्री...................................ज्यू,
स.नं.....................

विषय : ऋण भुक्तानी गर्न आउने बारेको दोश्रो ताकेता पत्र ।

प्रस्तुत विषयमा यस संस्था स.नं................को सदस्य तपाई श्री...................................ले मिति २०..../......./......मा लिनु भएको ऋणको मिति : २०....../....../....... देखि भाखा नाघी यस अघि संस्थाको व्यवसाय विभाग तथा व्यवस्थापन प्रमुखको तर्फबाट पटक पटक लिखित तथा मौखिक रुपमा संस्थालाई तिर्नू बुझाउनु पर्ने किस्ता तथा ब्याज रकम भुक्तानीका लागि पत्राचार गर्दा समेत ऋण भुक्तानीका लागि आलटाल गरी भाखा नघाएको संस्थाको ऋण उप-समितिको निष्कर्ष सहित तपाईलाई पुनः पत्राचार गरिएकोछ । आलटाल नगरी यस पत्र प्राप्त भएको मितिले ३० दिन भित्र हालसम्मको सम्झौता अनुसारको सम्पूर्ण किस्ता र ब्याज रकम भुक्तानी गर्नु हुन अनुरोध छ, अन्यथा उप-समितिको तर्फबाट कानुनी प्रकृयाबाट असुलीका लागि संचालक समिति समक्ष सिफारिस भई जाने व्यहोरा अवगत गराइन्छ ।

....
ऋण उप-समिति संयोजक

अनुसूची-३
दफा ११.१ (७) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

भाखा नघाउने ऋणीको लागि तेश्रो तथा अन्तिम ताकेता पत्र

मिति : २०७...../......./.......

श्री...................................ज्यू,
स.नं....................

विषय : ऋण भुक्तानी गर्न आउने बारेको तेश्रो तथा अन्तिम ताकेता पत्र ।

प्रस्तुत विषयमा यस संस्था स.नं................को सदस्य तपाई श्री...................................ले मिति २०..../......./......मा लिनु भएको ऋणको मिति : २०....../....../....... देखि भाखा नाघी यस अघि संस्थाको व्यवसाय विभाग तथा व्यवस्थापन प्रमुख र ऋण उप-समितिको तर्फबाट पटक पटक लिखित तथा मौखिक रुपमा संस्थालाई तिर्नू बुझाउनु पर्ने किस्ता तथा ब्याज रकम भुक्तानीका लागि पत्राचार गर्दा समेत ऋण भुक्तानीका लागि आलटाल गरी भाखा नघाएको संस्थाको संचालक समितिको निष्कर्ष सहित तपाईलाई पुनः पत्राचार गरिएकोछ । आलटाल नगरी यस पत्र प्राप्त भएको मितिले ३० दिन भित्र हालसम्मको सम्झौता अनुसारको सम्पूर्ण किस्ता र ब्याज रकम भुक्तानी गर्नु हुन अनुरोध छ, अन्यथा कानुनी प्रकृयाबाट असुलीका लागि संचालक समितिले निर्णय गरी प्रकृया आरम्भ गरिने व्यहोरा जानकारी गरान्छ ।

....
अध्यक्ष

अनुसूची-४

दफा ११.१ (८) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

ऋण भुक्तानीका लागि अन्तिम अवसर प्रदान गरिएको व्यहोराको पत्र

मिति : २०७..../०/०

श्री .... ज्यू,
सदस्यता नं. ....
...., ...

विषय : ऋण भुक्तानीको लागि अन्तिम अवशर प्रदान गरिएको बारे ।

उल्लेखित विषयमा तपाईले यस संस्थाबाट पटक पटक लिखित तथा मौखिक जानकारी गराउँदा पनि तपाईले कुनै पनि किस्ता तथा व्याज भुक्तानी नगर्नु भएकोले मिति २०.... .... गते भित्र संस्थाको कार्यालय समयमा संस्थामा उपस्तिथ भई उक्त मितिसम्मको साँवा व्याज तथा विलम्ब शुल्क चुक्ता गर्न तपाईलाई अन्तिम जानकारी तथा अनुरोध स्वरुप यो पत्राचार गरिएकोछ । तोकिएको मिति भित्र तपाईले धनी संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज तथा विलम्ब शुल्क समेत नबुझाई बसेमा तपाईले ऋण सुरक्षण बापत संस्थालाई लेखिदिनु भएको तपशिलमा उल्लेखित धितो जग्गा संस्थाको नियमानुसार लिलाम बिक्रिको सूचना तपाईको टोल छिमेक तथा सार्वजनिक स्थान र राष्ट्रिय तथा स्थानिय पत्र पत्रिकामा समेत यसै पत्रमा उल्लेख गरिए बमोजिमको सूचना प्रकाशित गर्नुका साथै बैंक तथा वित्तिय संस्थाहरुको कालोसूचीमा नाम समावेश गरिने समेत जानकारी गराइन्छ ।

................बचत तथा ऋण सहकारी संस्था लि. .... का ऋणी ....लाई ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट प्राप्त गर्नु भएको व्यापारिक ऋण बापत यस संस्थासंग भएको सम्झौताको शर्त बमोजिम संस्थालाई किस्ताबन्दी रुपमा तिर्न बुझाउनु पर्ने ऋणको साँवा र सो को व्याज रकम नबुझाउनु भएको तथा सो ऋणको साँवा तथा व्याज रकम यस संस्थालाई तिर्न बुझाउनु पटक पटक लिखित एवं मौखिक रुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी तिर्नु बुझाउनु नभएकोले तपाईले यस संस्थाबाट प्राप्त गर्नु भएको ऋणको साँवा व्याज र विलम्ब शुल्क चुक्ता भुक्तान गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको .... नगरपालिका .... स्थित कार्यालयमा सम्पर्क राखी तपसिलमा उल्लेखित ऋणको सम्पूर्ण साँवा तथा सोमा संस्थाको नियमानुसार लाग्ने व्याज र विलम्ब शुल्क आदि समेत चुक्ता फछ्यौट गर्न गराउन हुन सूचित गरिन्छ । अन्यथा यस संस्थाको नाममा धितो सुरक्षण लेखिदिएको तपशिल बमोजिमको घर जग्गा र लिगलगापात समेत सहकारी ऐन २०७४, अन्य प्रचलित कानून एवं संस्थाको विनियम तथा नीतिहरु अनुसार लिलाम बिक्रि वा नेगोशिएसन वा अन्य तवरले बेचविखान गरी वा अन्य व्यवस्था गरी संस्था आफुले ऋणको साँवा व्याज र विलम्ब शुल्क अशुल उपर गरी लिन सक्ने वा तपाईलाई संस्थाको ऋण नतिर्ने व्यक्तिहरुको कालोसूचीमा समावेश गर्न सक्ने तथा ऋण प्राप्त गर्दा संस्थासंग गरिएको सम्झौताको शर्त बमोजिम संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गरिने व्यहोरा समेत अवगत गराइन्छ ।

ऋणी तथा मञ्जुरी दिनेको नामथर वतन	ऋणीको विवरण	धितो सुरक्षणको विवरण	ऋणको किसिम
.......................को नाति ....को छोरा .... जिल्ला .... न.पा .... बस्ने वर्ष .... को १	ऋणी :	ऋणीका नाममा मालपोत कार्यालय ....मा दर्ता श्रेष्ता कायम भएको .... जिल्ला साविक .... हाल................ को कि.नं. .... तथा कि.नं. .... को क्षे.फ क्रमश : ०-०-०-० को जग्गा कित्ता -१	व्यवसाय

....
प्रमुख कार्यकारी अधिकृत

अनुसूची-५ (क)

दफा ११.१ (९) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

ऋणीलाई ऋण तीर्न आउने सम्बन्धमा ३५ दिने सूचना

.... बचत तथा ऋण सहकारी संस्था लि......... का ऋणी ....लाई ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट प्राप्त गर्नु भएको .... ऋण बापत यस संस्थासंग भएको सम्झौताको शर्त बमोजिम संस्थालाई किस्ताबन्दी रुपमा तिर्न बुझाउनु पर्ने ऋणको साँवा र सो को व्याज रकम नबुझाउनु भएको तथा सो ऋणको साँवा तथा व्याज रकम यस संस्थालाई तिर्न बुझाउनु पटक पटक लिखित एवं मौखिक रुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी तिर्नु बुझाउनु नभएकोले तपाईले यस संस्थाबाट प्राप्त गर्नु भएको ऋणको साँवा व्याज र विलम्ब शुल्क चुक्ता भुक्तान गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको ....,स्थित मुख्य कार्यालयमा सम्पर्क राखी तपसिलमा उल्लेखित ऋणको सम्पूर्ण साँवा तथा सोमा संस्थाको नियमानुसार लाग्ने व्याज र विलम्ब शुल्क आदि समेत चुक्ता फछ्यौट गर्न गराउन हुन सूचित गरिन्छ । अन्यथा यस संस्थाको नाममा धितो सुरक्षण लेखिदिएको तपशिल बमोजिमको घर जग्गा र लिगलगापात समेत सहकारी ऐन २०७४, अन्य प्रचलित कानून एवं संस्थाको विनियम तथा नीतिहरु अनुसार लिलाम बिक्रि वा नेगोशिएसन वा अन्य तवरले बेचविखान गरी वा अन्य व्यवस्था गरी संस्था आफुले ऋणको साँवा व्याज र विलम्ब शुल्क अशुल उपर गरी लिन सक्ने वा तपाईलाई संस्थाको ऋण नतिर्ने व्यक्तिहरुको कालोसूचीमा समावेश गर्न सक्ने तथा ऋण प्राप्त गर्दा संस्थासंग गरिएको सम्झौताको शर्त बमोजिम संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गरिने व्यहोरा समेत अवगत गराइन्छ ।

तपसिल

ऋणी तथा मञ्जुरी दिनेको नामथर वतन	ऋणीको विवरण	धितो सुरक्षणको विवरण	ऋणको किसिम
......................को नाति ....को छोरा .... जिल्ला .... न.पा .... बस्ने वर्ष ...... को १	ऋणी :	ऋणीका नाममा मालपोत कार्यालय ....मा दर्ता श्रेष्ता कायम भएको .... जिल्ला साविक .... हाल............... को कि.नं. .... तथा कि.नं. .... को क्षे.फ क्रमश : ०-०-०-० को जग्गा कित्ता -१	व्यवसाय

संचालक समिति

.... बचत तथा ऋण सहकारी संस्था लि.

अनुसूची-५ (ख)
दफा ११.१ (९) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

ऋणीलाई ऋण तीर्न आउने सम्बन्धमा १५ दिने सूचना

प्रथम पटक प्रकाशन मिति : २०७..../......./......

.... बचत तथा ऋण सहकारी संस्था लि. .... का ऋणी ....लाई ऋण चुक्ता गर्न आउने बारेको १५ दिने सूचना

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट प्राप्त गर्नु भएको .... ऋण बापत यस संस्थासंग भएको संम्झौताको शर्त बमोजिम संस्थालाई किस्ताबन्दी रुपमा तिर्न बुझाउनु पर्ने ऋणको साँवा र सो को व्याज रकम नबुझाउनु भएको तथा सो ऋणको साँवा तथा व्याज रकम यस संस्थालाई तिर्न बुझाउनु पटक पटक लिखित एवं मौखिक रुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी तिर्नु बुझाउनु नभएकोले तपाईले यस संस्थाबाट प्राप्त गर्नु भएको ऋणको साँवा व्याज र विलम्ब शुल्क चुक्ता भुक्तान गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको ...., स्थित मुख्य कार्यालयमा सम्पर्क राखी तपसिलमा उल्लेखित ऋणको सम्पूर्ण साँवा तथा सोमा संस्थाको नियमानुसार लाग्ने व्याज र विलम्ब शुल्क आदि समेत चुक्ता फछ्र्यौट गर्न गराउन हुन सूचित गरिन्छ । अन्यथा यस संस्थाको नाममा धितो सुरक्षण लेखिदिएको तपशिल बमोजिमको घर जग्गा र लिगलगापात समेत सहकारी ऐन २०७४, अन्य प्रचलित कानून एवं संस्थाको विनियम तथा नीतिहरु अनुसार लिलाम बिक्रि वा नेगोशिएसन वा अन्य तवरले बेचविखान गरी वा अन्य व्यवस्था गरी संस्था आफुले ऋणको साँवा व्याज र विलम्ब शुल्क अशुल उपर गरी लिन सक्ने वा तपाईलाई संस्थाको ऋण नतिर्ने व्यक्तिहरुको कालोसूचीमा समावेश गर्न सक्ने तथा ऋण प्राप्त गर्दा संस्थासंग गरिएको सम्झौताको शर्त बमोजिम संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गरिने व्यहोरा समेत अवगत गराइन्छ ।

तपसिल

ऋणी तथा मञ्जुरी दिनेको नामथर वतन	ऋणीको विवरण	धितो सुरक्षणको विवरण	ऋणको किसिम
......................को नाति ....को छोरा .... जिल्ला .... न.पा .... बस्ने वर्ष .... को १	ऋणी :	ऋणीका नाममा मालपोत कार्यालय ....मा दर्ता श्रेष्ता कायम भएको .... जिल्ला साविक .... हाल............... को कि.नं. .... तथा कि.नं. .... को क्षे.फ क्रमश : ०-०-०-० को जग्गा कित्ता -१	व्यवसाय

संचालक समिति
.... बचत तथा ऋण सहकारी संस्था लि.

अनुसूची-५ (ग)
दफा ११.१ (९) बमोजिम

.... बचत तथा ऋण सहकारी संस्था लि.

(ठेगाना)

ऋणीलाई ऋण तीर्न आउने सम्बन्धमा ७ दिने सूचना

प्रथम पटक प्रकाशन मिति : २०७..../......./......
दोश्रो पटक प्रकाशन मिति : २०७..../......./......

.... बचत तथा ऋण सहकारी संस्था लि. जिरी न.पा-५ का ऋणी ....लाई ऋण चुक्ता गर्न आउने बारेको ७ दिने सूचना

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट प्राप्त गर्नु भएको .... ऋण बापत यस संस्थासंग भएको सम्झौताको शर्त बमोजिम संस्थालाई किस्ताबन्दी रुपमा तिर्न बुझाउनु पर्ने ऋणको साँवा र सो को व्याज रकम नबुझाउनु भएको तथा सो ऋणको साँवा तथा व्याज रकम यस संस्थालाई तिर्न बुझाउनु पटक पटक लिखित एवं मौखिक रुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी तिर्नु बुझाउनु नभएकोले तपाईले यस संस्थाबाट प्राप्त गर्नु भएको ऋणको साँवा व्याज र विलम्ब शुल्क चुक्ता भुक्तान गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थाको ...., स्थित मुख्य कार्यालयमा सम्पर्क राखी तपसिलमा उल्लेखित ऋणको सम्पूर्ण साँवा तथा सोमा संस्थाको नियमानुसार लाग्ने व्याज र विलम्ब शुल्क आदि समेत चुक्ता फछ्र्यौट गर्न गराउन हुन सूचित गरिन्छ । अन्यथा यस संस्थाको नाममा धितो सुरक्षण लेखिदिएको तपशिल बमोजिमको घर जग्गा र लिगलगापात समेत सहकारी ऐन २०७४, अन्य प्रचलित कानून एवं संस्थाको विनियम तथा नीतिहरु अनुसार लिलाम बिक्रि वा नेगोशिएसन वा अन्य तवरले बेचविखान गरी वा अन्य व्यवस्था गरी संस्था आफुले ऋणको साँवा व्याज र विलम्ब शुल्क अशुल उपर गरी लिन सक्ने वा तपाईलाई संस्थाको ऋण नतिर्ने व्यक्तिहरुको कालोसूचीमा समावेश गर्न सक्ने तथा ऋण प्राप्त गर्दा संस्थासंग गरिएको सम्झौताको शर्त बमोजिम संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गरिने व्यहोरा समेत अवगत गराइन्छ ।

तपसिल

ऋणी तथा मञ्जुरी दिनेको नामथर वतन	ऋणीको विवरण	धितो सुरक्षणको विवरण	ऋणको किसिम
.......................को नाति ....को छोरा .... जिल्ला .... न.पा .... बस्ने वर्ष .... को १	ऋणी :	ऋणीका नाममा मालपोत कार्यालय ....मा दर्ता श्रेष्ता कायम भएको .... जिल्ला साविक .... हाल................ को कि.नं. .... तथा कि.नं. .... को क्षे.फ क्रमश : ०-०-०-० को जग्गा कित्ता -१	व्यवसाय

संचालक समिति
.... बचत तथा ऋण सहकारी संस्था लि.